# गाउँ सभाको १२ औं अधिबेशनमा मिति २०८०/०३/१० गते
# गाउँपालिका अध्यक्ष सेनाङ गुरुङ ज्यूले
# प्रस्तुत गर्नुभएको आ.व.२०८०/०८१ को वार्षिक नीति तथा कार्यक्रम

## छार्का ताङसोङ गाउँपालिका
कागकोट,डोल्पा
कर्णाली प्रदेश, नेपाल

## छार्का ताङसोङ गाउँपालिकाको आर्थिक वर्ष २०८०/०८१ को वार्षिक नीति तथा कार्यक्रम :

१. गाउँपालिकाका उपाध्यक्ष ज्यू, गाउँ सभा सदस्य ज्युहरु, प्रमुख प्रशासकिय अधिकृत ज्यु, लगाएत सवै राष्ट्रसेवक कर्मचारीहरु, विभिन्न, राजनितिक दलका प्रतिनिधि ज्युहरु लगाएत सम्पूर्ण स्थानिय वासिन्दा, सञ्चारकर्मी पत्रकार ज्युहरु  गाउँपालिकाको नीति तथा कार्यक्रम प्रस्तुत गर्न आयोजित बाह्रौ गाउँ सभामा हार्दिक स्वागत गर्न चाहान्छु । छार्का ताङसोङ  गाउँपालिकाको बाह्रौ गाउँ सभामा मिति २०८० असार १० गते गाउँपालिकाको अध्यक्ष म सेनाङ गुरुङ आ.व.२०८०/०८१ को वार्षिक नीति तथा कार्यक्रम प्रस्तुत गर्न पाउँदा  गौरवान्वीत भएको छु ।

२. यस अवसरमा नेपालको युगान्तकारी परिवर्तन र स्वशासनको लागि नेपाली जनताले गर्दै आएका विभिन्न आन्दोलनमा आफ्नो प्राण आहुति गर्नुहुने आदरणीय ज्ञातअज्ञात वीर शहिदहरुप्रति हार्दिक श्रद्धाञ्जली अर्पण गर्दछु ।

३. छार्का ताङसोङ गाउँपालिकाको विकासका लागि नीति योजना तथा कार्यक्रम तर्जुमाका विभिन्न चरणहरुमा सहयोग पुर्‍याउनुहुने उपाध्यक्ष ज्यू, सदस्य ज्युहरु, सम्पूर्ण कर्मचारीहरु, बौद्धिक व्यक्तित्व, सम्पुर्ण गाउँपालिका वासि दाजुभाई तथा दिदीवहिनीहरुलाई धन्यवाद ज्ञापन गर्न चाहान्छु ।

४. भौगोलिक, प्राकृतिक, ऐतिहासिक, सांस्कृतिक, पशुपालन एवं पर्यटकीय महत्वका दृष्टिले अत्यन्त प्रवल सम्भावना भएको गाउँपालिका भएर पनि द्रुत विकासको लागि हाम्रा सामु विभिन्न चुनौतीहरु रहेका छन । ती  चुनौतीहरुका बावजुत लोकतान्त्रिक गणतन्त्रको आधारशिलाको रुपमा रहेको स्थानीय तहको निर्वाचन मार्फत विकासको क्रममा पछाडी परेका वर्ग तथा समुदायलाई विकासको मूल प्रवाहमा ल्याउने, जनतालाई स्थानीय सरकारको प्रत्यक्ष प्रत्याभूत गराउनको लागि र छार्का ताङसोङ गाउँपालिका समुन्नत, समृद्ध र समतामुलक बनाउनको लागि गाउँपालिका भित्रका सबै राजनितीक दल, बौद्धिक व्यक्तित्व, कर्मचारी वर्ग, संघ संस्था र आम जनसमुदायको तर्फबाट निरन्तर सहयोग र सद्भावको लागि हार्दिक अपिल गर्दछु ।

छार्का ताङसोङ गाउँपालिकाको समग्र उन्नती र प्रगतीको लागि आगामी आ.व.२०८०।०८१ को प्रस्तावीत नीति तथा कार्यक्रम देहाय बमोजिम प्रस्तुत गर्दछु ।

५. **कृषि बिकास सम्बन्धिः**

- कृषि उत्पादन तथा उत्पादकत्व बृद्धिको लागि विकसित प्रविधिहरुको प्रचार प्रसार र प्राबिधिक सेवा सर्बसुलभ रुपमा प्रदान गर्न गाउँपालिकाका सवै वडा स्तरमा बिभिन्न ब्यवसायिक बिषयमा  तालिम संचालन गरि कृषकहरुलाई सक्षम गराईने छ ।
- कृषिमा व्यवसायिकरण, आधुनिकीकरण र उत्पादित बस्तुको वजारिकरण गरि रोजगारी सिर्जना गर्दै कृषिलाई सम्मानीत पेशाको रुपमा विकास गरिने छ ।
- कृषक समूह, सहकारी, सरकारी तथा गैर सरकारी संस्था र स्थानिय तहहरुसँगको साझेदारीमा कृषि कार्यक्रमहरु संचालन गर्ने नीति अवलम्बन गरिने छ ।
- साना सिंचाई कार्यक्रम संचालन गरि सिंचित भुमिमा उत्पादनमुखि विषेश कार्यक्रम संचालन गरिने छ ।
- दिगो कृषि विकास, जैविक विविधता, प्राकृतिक स्रोत तथा वातावरण संरक्षण बीच सन्तुलन कायम राख्ने नीति लिईने छ ।

- रैथाने बाली संरक्षण र प्रबर्द्धन(फापर,उवा,जौ) कार्यक्रम र आलु तथा सागखेती प्रवर्द्धन कार्यक्रम संचालन गरिने छ ।
- प्रधानमन्त्री कृषि आधुनिकीकरण कार्यक्रम मार्फत विभिन्न पकेट विकास कार्यक्रम निरन्तर रुपमा संचालन गरिने छ ।

## ६. पशु सेवा तथा प्रसार कार्यक्रम

- व्यवसायिक पशुपालन चौरी, च्याङग्रा, भेडा पालन मार्फत रोजगार सृजना गरि युवाहरुलाई गाउँभित्रै स्वरोजगार बनाउनको लागि प्रतिस्पर्धि अनुदान उपलब्ध गराई युवा लक्षित पशुपालन कार्यक्रम संचालन गरिनेछ ।
- कृषकहरुमा सिप हस्तान्तरणद्धारा  आधुनिक पशुपालन पद्धतिको बिकास गर्दै लैजाने कार्यमा जोड दिइने छ ।
- पशुपालन क्षेत्रको बिकासमा सरकारी, कृषक समुह, समिति, सहकारी, गैह्र सहकारी संस्था र गाउँपालिका विच साझेदारी गरिनेछ ।
- व्यवसायिक पशुपालकलाई उत्प्रेरित गर्न विभिन्न तालिम तथा प्रोत्साहनलाई जोड दिईने छ ।
- प्रदेश सरकार र केन्द्र सरकारको साझेदारी, सहलगानीमा पशुपालनलाई उत्पादनमुलक आर्थिक र रोजगारीमुलक सम्मानित पेशाको रुपमा विकसित गरिनेछ ।

## ७. युवा तथा खेलकुद तर्फ :

- प्रधानमन्त्री रोजगार र मुख्यमन्त्री रोजगार कार्यक्रम मार्फत यस वर्ष पनि सबै वेरोजगार युवाहरुलाई सीप प्रदान गरि १०० दिनको रोजगार प्रदान गरीने कार्यलाई निरन्तरता दिईनेछ ।
- वेरोजगार युवा जनशक्तिहरुलाई युवा सिप विकास तालिम (हाउस वाईरिङ, पलम्बर, मिस्त्री) लगायत युवाहरुको रोजगार सँग सहयोग पुग्ने स्वरोजगार तालिम प्रद्धान गरिने छ ।
- खेलप्रेमीहरुलाई **"सक्षम खेलाडी, प्रतिस्पर्धि खेलकुद"** द्धारा शारिरीक, मानसिक र सामाजिक रुपमा तन्दुरुस्त राख्न, सामूहिक भावनाको विकास गर्न र अनुशासीत जीवनको विकास गर्ने उद्देश्य राखी खेलप्रेमीले भाग लिन सक्ने गरी रगंशाला, खेलमैदान र पार्कहरु निर्माण गर्दै लग्ने नीति लिईने छ ।

## ८. घरेलु तथा साना उBf]ग तर्फ :

- स्थानीय सीप, श्रोत, साधन एवं प्रविधिको प्रयोगलाई बढावा दिई राडीपाखी,किटीक, स्वीटर,कोट,पटुकाको ब्यवसायिक उत्पादन तर्फ अग्रसर गराउने कार्यक्रम सञ्चालन गरिने छ ।
- लघु उद्यम विकास कार्यक्रम मार्फत हुने घरेलु तथा साना र लघु उद्यमीलाई उद्यम विकास तालिम तथा औजार, यन्त्र, उपकरण प्रदान गर्न आवश्यक सहयोग र समन्वय गरिने छ ।
- स्थानिय वन पैदावर, प्राकृतिक स्रोत साधन, जडिवुटीमा आधारीत साना उद्योगहरु स्थापना गर्न उचित वातावरणको व्यवस्था गरिने छ ।
- परम्परागत रुपमा उत्पादित स्थानिय फलफूल जडीबुटीजन्य प्रशोधित जुस र खाद्यबस्तु तथा मदिराजन्य पदार्थको व्यवसायिक उत्पादन र वजारीकरणमा जोड दिईनेछ ।
- गरिवी निवारण गर्न **घरघरमा सीप बढाऊः गरिवी घटाऊ** कार्यक्रमलाई अभियानको रुपमा संचालन गरिने छ ।

## ९. पर्यटन तर्फ :

- पर्यटन क्षेत्र राष्ट्रिय अर्थतन्त्रको मूल आधार बन्दै आएको सन्दर्भलाई मध्यनजर गर्दै यस गाउँपालिका भित्र रहेका ऐतिहासिक, धार्मिक, सांस्कृतिक र सबै प्राकृतिक सौन्दर्ययुक्त स्थानहरुको खोजी गर्ने, पहिचान गर्ने र प्राथमिकताको आधारमा पर्यटन उद्योगको विकास गर्दै लगिने छ ।
- पर्यटन प्रर्वद्धन सम्वन्धी क्रियाकलाप संचालन गरिने छ । गाउँपालिकाको पहिचान हुने तथा पर्यटन प्रवर्द्धन हुने गरि बिभिन्न सरोकारवाला निकाय संगको सहकार्यमा विभिन्न पर्यटन पुर्वाधार निर्माणमा जोड दिईने छ ।
- मुकोट छार्का हुदै मुस्ताङ्ग जाने पर्यटकीय पदमार्गको विकासको लागि अध्ययन तथा गुरुयोजना तयार गरिनेछ ।
- ग्रामीण पर्यटन र होम स्टे सेवालाई प्रवर्द्धन गरिनेछ ।

## १०. सहकारी विकास तर्फ :

- गाउँपालिका भित्र स्थापना भएका सहकारीहरुको गुणस्तर र प्रभावकारीतालाई नियमन, अनुगमन र सहकारी शिक्षा मा जोड दिइने छ । थप सहकारी विस्तार तथा विकास गरी सहकारीलाई पुँजि निर्माणको महत्वपुर्ण माध्यमको रुपमा स्थापित गरी स्थानिय कृषि उद्योग स्थापना र साना घरेलु उद्यममा लगानी गर्ने वातावरणको सृर्जना गरिने छ ।

## ११. शिक्षा सम्वन्धी

- शिक्षा क्षेत्रको ब्यापक सुधारको लागी **अध्यक्षसँग शैक्षिक सुधार कार्यक्रम** तर्जुमा गरी कार्यन्वयन गरीने छ ।
- सम्पुर्ण विद्यालयमा क्रमशः पुस्तकालय, गणित, विज्ञान र कम्पुटर प्रयोगशाला व्यवस्थित गर्दै लगिनुको साथै त्यसको उचीत प्रयोगमा जोड दिईने छ ।
- शिक्षक,प्र.अ, अन्य कर्मचारीको कार्यसम्पादन स्तर र विषयगत नतीजा विश्लेषणका आधारमा थप सुविधा विस्तार गरिनुका साथै प्राथमिकताका आधारमा क्षमता विकासका कार्यक्रमहरु सञ्चालन गरीने छ ।
- लक्षित वर्गको शिक्षामा पहुच वृद्धि गर्न विभिन्न छात्रवृति प्रदान गरिनुका साथै नियमित विद्यार्थी विद्यालय पठाउँने र शिक्षामा चासो राख्ने अभिभावकहरुलाई गाउँपालिकाको अन्य थप सुविधा प्राप्ती संग आवद्ध गराईने छ ।
- विद्यार्थीको क्षमता तथा प्रतिभा पहिचान र प्रस्फुटनको लागि विभिन्न क्षेत्रका खेलकुद साथै अतिरिक्त क्रियाकलाप सञ्चालन गरीने छ ।
- शैक्षिक गुणस्तर सुधारमा अग्रसर रहने र राम्रो नतिजा प्राप्त गर्ने विद्यालयका प्र.अ, विद्यालय व्यवस्थापन समिति, शिक्षक अभिभावक संघ, शिक्षक कर्मचारी र विद्यालयलाई समेत उत्कृष्टताका आधारमा पुरस्कृत गरीने छ ।
- शिक्षा क्षेत्रमा लगानी गर्न चाहाने गैर सरकारी सस्था वा दातृ निकायलाई उनीहरुको कार्यक्रमको प्रभावकारिता र त्यसवाट प्राप्त हुने प्रतिफलको अनुमानको आधारमा अनुमति र स्वीकृती प्रदान गरीने छ ।
- विद्यालयहरु विचको दुरी, विद्यार्थी र शिक्षक अनुपात र समुदायको आवस्यकतालाई मध्येनजर गर्दै विद्यालयको समायोजन, दरवन्दी मिलान र वितरण गरीने छ । यसकालागि टाँढा बाट विद्यालय जानुपर्ने विद्यार्थीलाई मध्यनजर गरी आवासिय बिद्यालयविस्तारमा जोड दिईनेछ,
- विद्यालयको भौतिक पुर्वाधार निमार्ण सुधार, शिक्षक तालिम र सामुदायिक सचेतना कार्यक्रमको माध्यमवाट बिद्यालयको वातावरणमा सुधार ल्याई सामुदायिक सहभागिता र वातावरण संरक्षणमा सहयोग पुऱ्याईने छ ।

- विद्यालय स्वच्छ सरसफाई कार्यक्रम अन्तर्गत पिउनेपानी, वालमैत्री शौचालय तथा नियमित सरसफाई, प्राथमिक उपचार कक्ष, कक्षा कोठा ब्यबस्थापन जस्ता कुराहरुको क्रमशः सुधार गर्दै लगिने छ ।
- विद्यालयहरुको शैक्षिक गुणस्तर सुधारको लागि, शिक्षा शाखा,निर्वाचित जनप्रतिनीधि, टोलसुधार समितिहरु मार्फत नियमित अनुगमन, निरीक्षण र सुपरीवेक्षणमा जोड दिईने छ ।
- प्रदेश संगको सहकार्यमा सामुदायिक विद्यालय र वाल विकास केन्द्रमा शौचालय, खानेपानी ट्यांकी, विद्यालय नक्सांकन, आवासिय विद्यालय रुपान्तरण जस्ता कार्यमा जोड दिईने छ ।

## १२. स्वास्थ्य सम्वन्धी :

- स्वास्थ्य नै सबैभन्दा ठूलो सम्पत्ती हो, गुणस्तरीय स्वास्थ्य सेवा पाउनु प्रत्येक नागरिकको नैसर्गिक अधिकार हो र संविधान प्रदत्त नागरिकको मौलिक हक पनि हो । यसलाई मध्यनजर गर्दै **समुदायमा स्वास्थ्य तथा नर्सिङ घरदैलो कार्यक्रम** सञ्चालन गरिनेछ ।
- आधारभूत स्वास्थ्य ईकाइहरुलाई सञ्चालन गर्न आबश्यक औजार,उपकरण र जनशक्तिको व्यवस्थापन गरिने छ ।
- सुरक्षित मातृत्व कार्यक्रमलाई सफल बनाउदै शिशु मृत्युदर न्यून गर्न स्वास्थ्य संस्थामा सुत्केरी हुने आमाहरुको लागि प्रोत्साहन स्वरुप भत्ताको व्यवस्था गरिनेछ ।
- यस गाउँपालिकाका सम्पूर्ण नागरीकलाई गुणस्तरीय स्वास्थ्य सेवाको पहुँच सुनिश्चित गर्न स्वास्थ्य संस्थाहरुबाट प्रदान गरिने सेवालाई थप प्रभावकारी बनाउन स्रोत साधन सम्पन्न बनाइनेछ ।
- नियमित खोप, परिवार नियोजन सेवा, सुरक्षित मातृत्व, गाँउघर क्लिनिक जस्ता सेवालाई व्यवस्थित गर्दै स्वास्थ्यकर्मी र महिला स्वास्थ्य स्वयमसेविकाको मनोबल उच्च राख्न आवश्यक निति र कार्यक्रम तय गरीने छ ।
- किशोरकिशोरी स्वास्थ्य र प्रजनन स्वास्थ्य कार्यक्रमलाई प्रवर्द्धन गरिने छ ।
- अझै पनि गाउँपालिका क्षेत्रभित्र ५ बर्षमुनिका वालवालिका कुपोषण वाट प्रभावित रहेको समस्यालाई सम्वोधन गर्न स्वास्थ्य पोषण कार्यक्रमलाई विशेष जोड दिईने छ ।
- मोवाईल स्वास्थ्य,विद्युतिय स्वास्थ्य प्रविधि(M-Health,e-Health)लगायतका दुर चिकित्सा प्रणाली(Tele-medicine)का आधुनिक प्रविधिलाई अवलम्वन गरी स्वास्थ्य सेवा प्रदान गर्नको लागि संघिय सरकार र कर्णाली प्रदेश सरकारसँग समन्वय गरिने छ ।
- स्वास्थ्य सेवालाई सहज, सुलभ, गुणस्तरीयता सुनिश्चितता गर्न न्यूनतम सेवा मापदण्ड(Minimum Service Standard) कार्यान्वयन गर्न जोड दिइनेछ ।
- अति गरीव कडा रोगी र पुर्ण अपाङ्ग लाई केहि थप मात्रामा औषधि उपचार खर्च अनुदान दिने कार्यक्रम लाई निरन्तरता दिइने छ ।
- स्वास्थ्य क्षेत्र सँग कार्य गर्ने विभिन्न सरकारी तथा गैह्र सरकारी संघ संस्थाहरु सँग आवश्यक सहकार्य र समन्वय गर्दै विभिन्न साधारण र विशेषज्ञता सम्बन्धी स्वास्थ्य शिविरहरु सञ्चालन गरिने छ ।

## १३. महिला,बालबालिका, अपाङ्गता तथा ज्येष्ठ नागरिकः

- महिलाहरुको आर्थिक सशक्तिकरणको लागि **उपाध्यक्षसँग महिला कार्यक्रम**लाई ६ वटै वडाका महिलाहरुका लागि सीपमूलक तालिम तथा आयआर्जन तालिमको व्यवस्था गरिने छ ।
- सामाजिक सुरक्षा भत्ता प्राप्त गर्ने ज्येष्ठ नागरिक,आर्थिक रुपले विपन्न अशक्त र असहाय अवस्थामा रहेका व्यक्ति,असहाय एकल महिला अपाङ्गता भएका व्यक्ति,बालबालिकाहरु आफ्नो हेरचाह आफै गर्न नसक्ने व्यक्ति आदिको तथ्याक सकलन कार्यलाई निरन्तरता दिइने छ ।

- सामाजिक सुरक्षा भत्ता वितरण कार्यलाई थप व्यवस्थित गर्न सम्बन्धित लाभग्राहीको खातामा EFT मार्फत सामाजिक सुरक्षा भत्ता जम्मा हुने व्यवस्थालाई पूर्ण रुपमा लागु गरिने छ ।
- महिला सशक्तिकरणमा जोड दिई वालविवाह न्यूनिकरण, वालश्रम न्यूनिकरण तथा दाइजो प्रथा जस्ता विकृति र विसगतिलाई निरुत्साहित गरि महिला हिसा शुन्य गाउँपालिका बनाउन पहल गरिने छ ।
- आपतकालीन बाल तथा महिला संरक्षण कोष स्थापनाको लागि बजेटको व्यवस्था गरी आबश्यक कार्यक्रम सञ्चालन गरिने छ ।
- लैंगिक समानता र सामाजिक समावेशीकरणलाई ध्यानमा राख्दै समतामुलक समाजको निर्माण गर्ने र समाजमा रहेका सबै प्रकारका विभेदहरुलाई अन्त्य गर्ने नीति लिइने छ ।
- गाउँपालिका केन्द्रवाट महिलालाई कानुनी सचेतना, संविधान, मेलमिलाप लगाएतका विषयमा तालिम प्रदान गरिने कार्यक्रमलाई निरन्तरता दिईने छ ।
- न्यायिक समितिलाई प्राप्त अधिकार र न्यायिक समितिबाट सम्पादन गरिने विवाद समाधान सम्बन्धी बिषयको जानकारी बस्तीस्तर सम्म पुर्‍याउने कार्यलाई व्यवस्थित गरिने छ ।सवै प्रकारको हिंसा तथा विभेदमा छिटो न्याय दिने कुरालाई प्राथमिकता दिईने छ ।
- बालमैत्री स्थानिय शासन प्रबर्द्धन कार्यक्रम सञ्चालन गर्दै लगिने छ ।

## १४. खानेपानी तथा सरसफाई :

- दिगो विकास लक्ष्य र खानेपानी सरसफाई स्वच्छता WASH योजना २०२३-२०३३ अनुरुप सबै पालिकाबासीलाई स्वच्छ र सफा खानेपानी आपूर्ति गराउन संघीय सरकार,प्रदेश सरकार र अन्य सरकारी तथा गैरसरकारी संघ संस्थासँगको समन्वय र साझेदारीमो **"एक घर एक धारा"** कार्यक्रमलाई निरन्तरताका साथै पूर्णता दिईनेछ ।
- स्वच्छ खानेपानी पाउनु प्रत्येक नागरिकको हक भएकोले सोही अनुसार व्यवस्थापकीय जिम्मेवारी गाउँपालिकाको सम्झी स्थानीय स्तरमा भएका पानीको मुलको खोजी गर्ने र संरक्षण गर्ने कार्य गरिने छ ।
- खानेपानी सरसफाई स्वच्छता WASH योजनालाई कार्यान्वयन गरिने छ ।
- खानेपानी आयोजनाहरुको दीगोपनाको लागि सम्वन्धित उपभोक्ताहरुलाई मर्मत संभार तालिम तथा जिम्मेवारी प्रदान गरिनेछ ।
- प्रत्येक टोलमा टोल विकास समिति गठन गरी टोल विकास, वातावरणीय सरसफाई, सामाजिक समावेशीकरण लगायत विविध कार्यमा सक्रिय बनाइने छ साथै फोहोर व्यवस्थापनको लागि आवश्यक व्यवस्थापन गरिने छ ।

## १५. साँस्कृतिक तर्फ :

- छार्का ताङसोङ गाउँपालिकामा मनाईने साँस्कृतिक रुपमा मनाईने पर्व ल्होसारको प्रवर्द्धन गरिने छ ।
- गुम्वा तथा धार्मिक पर्यटकिय क्षेत्रहरुको संरक्षणमा जोड दिईने छ र स्थानिय मौलिक संस्कृतिलाई यहाँको पर्यटन र उत्पादन संग जोडेर विकास गरिने छ ।
- भोटे समुदायको भाषा र लिपीको संरक्षण र प्रबर्द्धन गर्ने कार्य गरिने छ ।

## १६. गै.स.स, निजि क्षेत्र, सहकार्य साझेदारी तर्फ :

- गाउँपालिकासंग विकास र जनसेवामा साझेदारी गर्न चाहाने राष्ट्रिय, अर्न्तराष्ट्रय गै.स.स संगको सहकार्यलाई उच्च प्राथमिकता दिई NGO DESK स्थापना गरी सवै कार्यक्रमलाई गाउँपालिका मातहत ल्याईने छ ।

- स्थानिय सरकार संचालन ऐन २०७४ मा भएको व्यवस्था समेतका आधारमा विकास गतिविधिमा गै.स.स संग सहकार्य गरिने छ ।
- गै.स.स लाई पारदर्शी, सुशासन मैत्री र वास्तविक विकासको साझेदार हुन उत्प्रेरित गरिनेछ ।

**१७. वन, वातावरण संरक्षण र विपद् व्यवस्थापन तर्फ :**

- विकास र वातावरण विच सन्तुलन कायम गर्ने नीति लिईने छ साथै वनको दिगो व्यवस्थापन गरी आय वृद्धि जिविकोपार्जन सुधार, वातावरण संरक्षण र वन विनास तथा वन क्षयीकरण न्यून गरिने छ र वृक्षारोपणलाई अभियानको रुपमा अगाडी बढाइने छ । वन विनास लाई शून्यमा पुर्‍याईने छ ।
- वनको दिगो व्यवस्थापन गरी वन पैदावारमा आत्मनिर्भर हुने काठ दाउराको नियमित आपूर्ति गर्ने र वन जन्य उद्यम विकास तथा विस्तार गर्ने व्यवस्थापन मिलाइने छ ।
- विपद् व्यवस्थापन कोषमा आवश्यक वजेट विनियोजन गरिने छ । साथै सो कोषको रकम प्राकृतिक प्रकोप तथा विपद् व्यवस्थापनका लागि पूर्व तयारी,राहत तथा उद्धारमा खर्च गरिने छ ।
- वातावरण संरक्षण र सिंचाईलाई समेत उपोगिताको रुपमा लिईने गरी प्राचिन पोखरीको संरक्षणमा जोड दिईने छ । साथै हिउपाखरी तथा ग्रीनहाउस निर्माण तथा खरिद र वितरण गरीने छ ।
- शसर्त वजेटको माध्यम मार्फत वन वातावरण संरक्षण सम्वन्धी विभिन्न क्रियाकलाप संचालन गरिने छ । साथै जल उत्पन्न विपद्को व्यवस्थापन र नदी व्यवस्थापनमा जोड दिईने छ ।
- हरियाली गाउँपालिका वनाउने उदेश्यका साथ विश्व वातावरण दिवसको अवसरमा वृक्षारोपण कार्यक्रम संचालन गरीने छ ।
- प्रदेश संगको सहकार्यमा जलाधार तथा हिमतालहरुको संरक्षण तथा भु-संरक्षणमा जोड दिईने छ ।

**१८. पूर्वाधार विकास तर्फ**

- यस गाउँपालिकाको खुला बोलपत्र प्रक्रिया मार्फत संचालन हुने योजनाको बोलपत्र सूचना प्रत्येक आ.व.को पहिलो त्रैमासिक भित्र प्रकाशन गरि सक्ने व्यवस्था मिलाईने छ ।
- गाउँपालिकाबाट र स्थानिय उपभोक्ताको लागत साझेदारीमा पूर्वाधार निर्माणका योजनाहरु संचालनमा जोड दिईने छ ।
- गाउँपालिका केन्द्र रहेको कागकोट बस्ती र विश्वकै उच्च छार्का बस्ती लाई साना शहरको रुपमा विकास गरिने छ र भारबुङ गाउँमा एकिकृत बस्ती निर्माण गर्ने साथै सौर्य प्रणाली जडान, बाटोको पि.सी.सी गर्ने, हरियाली प्रवर्द्धन गर्ने, खेल मैदान निर्माण गरी व्यवस्थित र सुन्दर बनाईने छ ।
- ३० लाख भन्दा माथिका योजनामा सम्भाव्यता अध्ययन र ५० लाख भन्दा माथिका योजनामा डिपिआर तयार गरेर मात्र काम गर्ने प्रकृया लाई अवलम्वन गरीने छ ।
- **मुस्ताङ-छार्का-भारबुङ-कागकोट सडक करिडोरलाई स्थानिय गौरवको आयोजना**को रुपमा लिई पाँच वर्ष भित्र सडकको ट्र्याक खोल्ने कार्य सम्पन्न गरिने छ ।
- गाउँपालिकाका सबै वडा सडक संजालमा जोडिने गरि क्रमागत सडक योजनालाई निरन्तरता दिईने छ ।
- पक्की पुल वन्ने सम्भावना भएका सडक क्षेत्रमा पक्की पुल निर्माणमा जोड दिईनुका साथै प्रदेश संगको सहकार्यमा सो वाहेकका क्षेत्रमा झोलुङ्गे पुल तथा ट्रस व्रिज निमार्ण तथा विस्तारलाई अगाडी वढाईने छ
- प्राथमिकताको आधारमा विभिन्न स्थानको झोलुङ्गे पुल र ट्रसव्रिज निर्माणको लागि यस वर्ष डिपिआर तयार गरी प्रदेश सरकार, केन्द्र सरकारको योजनामा समावेस गर्न पहल गरिने छ ।

- यसै आ.व. भित्र गाउँपालिकाको प्रशासकीय भवन, ४ वटा वडा कार्यालय भवनहरु संघीय सरकार र प्रदेश सरकारको समपुरक कोष तथा गाउँपालिकावाट विनियोजित समपुरक कोष र साझेदारी कोषबाट लगानी गरी निर्माण कार्य अगाडी वढाईने छ ।
- स्वास्थ्य संस्था लगाएत सवै विषयगत शाखा र विद्यालय भवनहरु निर्माण गर्दा अपाङ्ग मैत्री, वातावरण मैत्री अवधारणलाई आत्मसाथ गरिने छ ।

## १९. विद्युत तथा उर्जा तर्फ :

- साना तथा लघु जल विद्युत आयोजना निर्माणका लागि सरकारी तथा गैरसरकारी संघ संस्थाहरुसँग साझेदारी र समन्वय गरिने छ ।
- छार्का ताङसोङ गाउँपालिकाका सवै घुरधुरीलाई  निकट भविश्यमा सौर्य ऊर्जा प्रणाली(सोलार मिनी ग्रीड) र साना जलविद्युत आयोजना मार्फत सबै घरधुरीमा विद्युत सेवा पुगेको सुनिश्चित गरिनेछ ।
- नविकरणीय उर्जा कार्यक्रम अर्न्तगत गाउँपालिका भित्र रहेका सबै सार्वजनिक स्थलहरुमा सौर्य बत्ति जडान गरिने छ ।

## २०. सिंचाई तर्फ :

- सर्शत वजेट मार्फत साना सिंचाई आयोजनाहरुलाई आगामी वर्ष कार्यन्वयन गर्दै सिंचाई प्रणालीको मर्मत संभार र नयाँ प्रविधिमा आधारित सिंचाई आयोजनाको कार्यन्वयनमा जोड दिईने छ साथै मझौला र ठुला सिंचाई योजनाको हकमा संघीय सरकार र प्रदेश सरकारमा अनुरोध गरिने छ ।
- गाउँपालिकाको सवै  खेती योग्य जमिन वाँझो नराख्न को लागी सिचाई सेवा विस्तारमा जोड दिईने छ ।
- संघीय सरकार र प्रदेश सरकारवाट संचालित सिंचाई आयोजनाहरुलाई समयमै सम्पन्न गर्न, गुणस्तरीय वनाउन प्रभाकारी रुपमा समन्वय र अनुगमन गरिनेछ ।

## २१. सुशासन,संस्थागत विकास तथा सेवा प्रवाह

- गाउँपालिकाले प्रवाह गर्ने सेवालाई पारदर्शी, जवाफदेही, दिगो र परिणाममुखी बनाउँदै गाउँपालिकाबासीलाई सूचना,सेवा र अवसरमा विभेदरहित पहुँच अधिवृद्धि गर्न अधिकतम रुपमा विद्युतीय सूचना प्रणाली E-Governance को नीति अवलम्वन गरिनेछ साथै जनप्रतिनिधि र कर्मचारीहरुको प्रभावकारी कार्य सम्पादनका लागि आवश्यक विषयगत र क्षेत्रगत क्षमताको विश्लेषण मार्फत संस्थागत सुशासन कायम गरिने छ ।
- गाउँपालिकाको संस्थागत स्व मूल्यांकनका आधारमा राम्रा अभ्यासलाई निरन्तरता दिदैं जनप्रतिनिधिहरु त्था कर्मचारीहरुको क्षमता अभिवृद्धि गर्न विभिन्न तालिम तथा अभिमुखीकरण कार्यक्रम संचालन गरिनेछ साथै प्रशासनिक कार्यको अनुभव आदान प्रदान गर्न अवलोकन भ्रमणको व्यवस्था गरिने छ ।
- लागत न्यूनीकरण, स्रोत साधनको अधिकतम उपयोग तथा प्रभावकारी सेवा प्रवाहका लागि आवश्यकता अनुसार अन्य गाउँपालिका तथा नगरपालिकासँग लागत साझेदारी,सम्झौता तथा संयुक्त व्यवस्थापन कार्यहरुको सुरुवात गरिनेछ ।
- गाउँपालिकाको सेवा प्रवाहमा गुणात्मक तथा परिमाणात्मक सुधारका लागि सबै विषयगत शाखामा साधन स्रोतयुक्त बनाउदै लगिने छ । साथै संस्थागत स्मरण (Institutional Memory) लाई थप वलियो पार्दै लगिने छ ।
- सदाचार नीतिलाई प्रवर्द्धन गरिने छ भ्रष्टाचारमा शुन्य सहनशीलताको नीति अबलम्वन गरिने छ ।
- खरिद कार्यलाई व्यवस्थित र पारदर्शी बनाउन खरिद योजना तथा खरिद गुरु योजना तयार पारी लागु गरिने छ ।
- आर्थिक सुशासन र पारदर्शिता कायम गर्न पेश्की तथा वेरुजुलाई निरुत्साहित गरिने छ ।

- प्राकृतिक स्रोत साधन, जडिवुटी,वनस्पति र जीवजन्तुको अध्ययन अनुसन्धान र पहिचानका लागि आवश्यक कार्यक्रम तय गरिने छ ।
- गाउँपालिकाको आन्तरिक नियन्त्रण प्रणाली सुदृढीकरण गरिने छ ।
- कार्यरत कर्मचारीहरुको कार्य प्रक्रियालाई वैज्ञानिक ढङ्गले व्यवस्थापन गर्न गाउँपालिका अध्यक्ष र प्रमुख प्रशासकीय अधिकृतविच र प्रमुख प्रशासकीय अधिकृत र शाखा प्रमुख विच कार्य सम्पादन करारको संझौता गरी सेवा प्रवाहलाई थप जनमुखि एवं नतिजामूलक बनाईनेछ ।
- सवै वडा कार्यालय सुचना मैत्री वनाउन सुरुवात भई सकेको अनलाईन घटना दर्ता प्रणालीलाई थप व्यवस्थित र प्रभावकारी वनाइने छ ।
- गाउँपालिका गतिविधि सम्वन्धमा चौमासिक र वार्षिक वुलेटीन प्रकाशन गरिने छ ।
- गाउँपालिका भित्र संचालित योजना तथा कार्यक्रमको नियमित अनुगमन मुल्यांकन गरिनेछ ।
- कर्मचारी र पदाधिकारीको मनोवल उच्च राख्न सकारात्मक सोच लगाएत विभिन्न तालिम तथा भ्रमण जस्ता कृयाकलापलाई निरन्तरता दिईने छ र कर्मचारीको कार्य सम्पादन मूल्यांकनमा आधारित प्रोत्साहान भत्ताको व्यवस्था गरिने छ ।
- स्थानिय अभिलेख र तथ्याकं प्रणालीलाई चुस्त बनाईने छ ।यसै बर्षमा गाउँ प्रोफाइल बनाइने छ ।

## २२. सूचना तथा संचार :

- यस गाउँपालिकामा मोबाइलको नेटवर्क नपुगेको ठाउँमा नेपाल टेलिकमसँग समन्वय गरि सञ्चार टावर निर्माणको लागि पहल गरिने छ ।
- रेडियो, पत्रपत्रिका, टेलिभिजन मार्फत गाउँपालिकाका सवै सुचना प्रसारण गरिने छ ।
- रेडियो, टेलिभिजनमा अन्तरसंवाद, अन्तरक्रिया तथा सुचना, जानकारी मुलक कार्यक्रम संचालनमा जोड दिईने छ ।
- पत्रकारीता र संचार जगत संग विकास र सुशासनमा सहकार्य गरिने छ ।
- मोवाईल एप्स, ई–पत्रकारीता, सामाजिक संजाल(Facebook page) तथा आफ्नै Website मार्फत सुचनाको प्रवाह गरिने छ ।
- तेस्रो पक्ष सार्वजनिक सुनुवाई, सम्पन्न योजनाको सार्वजनिक परिक्षण र प्रभाव असर मुल्यांकन जस्ता गतिविधिवाट सुशासन प्रवर्द्धनमा जोड दिईने छ ।
- प्रत्येक वडा कार्यालयहरुमा इन्टरनेटको सेवा विस्तार गरिने छ ।

## २३. राजश्व परिचालन तर्फ :

- छार्का ताङसोङ गाउँपालिकालाई आत्मनिर्भर बनाउनु हामी सबैको कर्तव्य हो,कानूनको अधिनमा रही व्यवसाय कर, निर्माण सामग्री कर, सम्पत्ति कर, मालपोत कर आदि करहरुलाई कार्यान्वयनमा ल्याईने छ ।
- समयमा कर नतिर्नेलाई थप जरिवाना र दण्डित गरिने छ भने लामो समय कर नतिरी अटेर गर्नेलाई गाउँपालिकाले दिने सवै सेवा रोक्का गरिनेछ ।

## २४. वित्तिय अनुशासन तर्फ :

- आर्थिक ऐन र खरिद ऐनको अधिनमा रहि ठुला योजनाहरु निर्माण व्यवसायि मार्फत ठेक्कापट्टा गरी र सानातिना योजनाहरु उपभोक्ता समिति मार्फत गर्ने तर्फ जोड दिईने छ ।

- आर्थिक सुशासन र पारदर्शिता कायम गर्न पेश्की तथा वेरुजुलाई निरुत्साहित गरिने छ । आर्थिक पारदर्शिता कायम गर्न काम सम्पन्न भएको आधारमा मात्र भुक्तानी दिने गरि पेश्की नियन्त्रण गरिने छ ।
- बाँकी रहेको पेश्की तथा वेरुजु फर्छ्यौट गरी आगामी आ.व. देखि पेश्की तथा वेरुजु शून्य बनाउन आवश्यक सजकता अपनाईनेछ ।
- लैंगिक उत्तरदायी वजेट निर्माणमा जोड दिईने छ

**२५. भूमी सम्बन्धीः**

- अव्यवस्थित बसोबासीहरुलाई व्यवस्थित गर्नको लागि पहिचान, लगत संकलन, सत्यापन तथा नाप नक्शा कार्य सम्पन्न गर्नको लागि आवश्यक समन्वय र पहल गरिने छ ।
- गाउँपालिकामा भएका सरकारी, सार्वजनिक, सामुदायिक तथा गुठीको जग्गा संरक्षण र व्यवस्थापन गरिने छ ।

**२६.** अन्त्यमा, छार्का ताङसोङ गाउँपालिका वासीको जनअपेक्षा अनुसार विकास चाहना पुरा गर्न, नागरिक र स्थानिय सरकार बीचको सम्बन्ध सुमधुर बनाउन आधुनिक प्रविधिको प्रयोग गरी छार्का ताङसोङलाई समृद्ध बनाउने अभियानमा हामी सबै प्रतिबद्ध छौं । यस गाउँपालिकाले अघि सारेको प्रस्तुत नीति तथा कार्यक्रम तर्जुमाका क्रममा रचनात्मक सुझाव दिई सहयोग पुर्‍याउनु हुने राजनितिज्ञ, वौद्धिक वर्ग, समाजसेवी, प्रमुख प्रशासकीय अधिकृत, विषयगत शाखाका प्रमुखहरु लगायत गाउँपालिकाका कर्मचारीहरु सबैमा धन्यवाद ज्ञापन गर्दछु । यस नीति तथा कार्यक्रमको कार्यान्वयनमा सहयोग पुर्‍याउन नेपाल सरकार,प्रदेश सरकार, विकासका साझेदारहरु, संघिय तथा प्रदेशका माननीय ज्यूहरु तथा गाउँपालिकाका कर्मचारीहरु,आम स्थानिय नागरिक,राजनितिज्ञ,वौद्धिक बर्ग,समाजसेवीहरु सबैमा हार्दिक अपिल गर्दछु ।

**धन्यवाद । जय छार्का ताङसोङ ।**

**प्रस्तुतकर्ता**
सेनाङ गुरुङ
अध्यक्ष
छार्का ताङसोङ गाउँपालिका, कागकोट, डोल्पा ।
२०८०/०३/१०